थलारा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

## औद्योगिक ग्रामका लागि निशुल्क जग्गा प्राप्ति सम्बन्धी सूचना!

सूचना नं. ९६

**प्रथम पटक प्रकाशित मितिः २०८२/१/०५**

उपर्युक्त सबन्धमा यस थलारा गाउँपालिका वडा नं. ३ खुईधार क्षेत्रमा औद्योगिक ग्राम स्थापनाका लागि कम्तिमा २५ रोपनी जग्गा आवश्यक परेकोले औद्योगिक ग्रामका लागि निशुल्क जग्गा दिन इच्छुक जग्गाधनीहरुले देहायका कागजातहरू सहित संलग्न राखी मिति २०८२।१।१३ गते कार्यालय समय भित्र वडा अध्यक्षको रहोवरमा गरेको मञ्जुरीनामा सहित सम्बन्धित वडा कार्यालय मार्फत निवेदन पेश गर्नुहुन जग्गा प्राप्ति सिफारिस समितिको मिति २०८२।१।५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

<u>शर्तहरु</u>

१. औद्योगिक ग्राम स्थापनाका लागि जग्गाको क्षेत्रफल कम्तिमा २५ रोपनी हुनुपर्नेछ।

२. मानव वस्तीबाट टाढा बाढी पहिरोको जोखिम नभएको सडक खानेपानी र विद्युत विस्तार गर्न सहज सम्भावना भएको हुनुपर्नेछ।

३. जग्गाको भोगचलनमा कुनै विवाद नभएको र रोक्का नभएको हुनुपर्नेछ।

४. जग्गा गाउँ कार्यपालिकाले तोकेको स्थानमा हुनुपर्नेछ। निशुल्क जग्गा प्राप्तिका लागि पेश हुन आएका जग्गाहरु मध्ये उपयुक्त हुने जग्गा प्राप्तिका लागि निर्णय गर्ने अधिकार सिफारिस समितिको सिफारिसको आधारमा गाउँ कार्यपालिकालाई हुनेछ।

<u>संलग्न राख्नपर्ने कागजातहरू</u>

१. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी

२. मालपोत वा भूमिकर तिरेको प्रमाण

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

४. जग्गाधनीको मृत्यु भइसकेको हकमा मृत्युदर्ता र सबै हकदारको मञ्जुरीनामा

(प्रयाग राज पाध्या)
प्रमुख प्रशासकीय अधिकृत